# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस २९ गते २०३१ साल

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले विद्युत विभाग अन्तर्गत त्रिशुली जल विद्युत् योजनाको पावर च्यानल निर्माण कार्यको लागि बागमती अञ्चल, नुवाकोट जिल्ला, टुप्चे आदर्श ग्राम पञ्चायत वडा नं. २ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व त्रिशुली नदीको बगर, पश्चिम त्रिशुली जल विद्युत् योजनाको क्षेत्र, उत्तर हेम–बहादुर, गीताभगत र लोकबहादुर समेतको खेत र दक्षिण त्रिशुली नदी यति चारकिल्लाभित्रको स. कि.नं. २ बाट १।६।२।१, स. कि.नं. ३ को १।५।१।२ पूरै, स. कि.नं. ५ को १।१४।१।१ पूरै, स. कि. नं. ७ को ।१२।२।३ पूरै, स. कि.नं ११ को ३।९।३।१ पूरै, स. कि. नं. १२ बाट १।४।१।२ स. कि.नं. १३ को ।४।१।२ पूरै, स. कि. नं. १४ को ।१३।२ पूरै, स. कि.नं. १७ बाट १।११ स. कि.नं. १८ को ५।१।३ पूरै, स. कि.नं.२० को २।६।.।१ पूरै, स. कि.नं. २२ को ४।१०। पूरै र स. कि.नं. २४ को ४।७।२।३ पूरै समेत जम्मा जग्गा रोपनी २९।११।२ (उनन्तीस रोपनी एघार आना दुई पैसा) को जम्मा मालपोत रू. ३०।५५ (तीस रूपैयाँ पचपन्न पैसा) लागेको कित्ता।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

696



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## जल तथा विद्युत् मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले विद्युत् बिभाग अन्तर्गत लुम्बिनी अंचल उप-शाखा भैरहवामा परासी कार्यालय, स्टोर क्वाटर निर्माण गर्नको लागि लुम्बिनी अंचल, नवलपरासी जिल्ला, परासी आदर्श गा. पं. वडा नं.६ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कि नं. ३६,२९ र ८८, पश्चिम कि. नं. ३० र ८८ (हाल नवलपरासी रोड), उत्तर कि. नं. ८८, दक्षिण कि. नं. ९८,९९ र ३६, यति ४ चारकिल्लाभित्रको कित्ता नं. २९ बाट ०-५-१०, कि.नं.३० बाट ०-१-५, कि.नं.३६ बाट ०-०-११, कि.नं.८७ बाट ०-१-० र कि.नं. ८८ बाट ०-२-१३ समेतको जम्मा जग्गा ०-१०-१९ (दश कट्ठा उन्नाईस धुर) को जम्मा मालपोत रु २५।९ (चौविस रूपैयाँ नौ पैसा) लागेको कित्ता।

आज्ञाले–
अच्यूतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

८०१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।